कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः १ सङ्ख्याः ०६ प्रकाशन मितिः २०७६/१२/२८

कार्यपालिकावाट स्वीकृत मिति २०७४/१०/२७

## भाग - २

## मेयर आवास संचालन कार्यविधि २०७४

कनकाई राजपत्र

**प्रस्तावनाः**

नेपालको संविधानले नागरिको स्वास्थ्य, रोजगारी तथा आवसलाई मौलिक हकको रुपमा स्वीकार गरिएको परिप्रेक्षमा यस कनकाई नगरपलिका क्षेत्र भित्र तोकिएका मापदण्ड भित्र परेका अतिविपन्न, दलित, अल्पसंख्यक, लोपोन्मुख घरवार विहिन समूदायलाई सुरक्षित आवासको ब्यवस्था गर्ने उद्धेश्यले कनकाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ ले दिईएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१) यो कार्यविधिको नाम मेयर आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ रहने छ।

२) यो कार्यविधि कनकाई नगरकार्यपालिका बाट स्वीकृत भए पछि लागू हुने छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क)ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख)नियमावली भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४लाई आधार मानी कार्यान्वयनमा आउने नियमावलीलाई सम्झनु पर्दछ ।

(ग) नगरपालिका भन्नाले कनकाई नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) नगरसभा भन्नाले कनकाई नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(ङ) प्रमुख भन्नाले कनकाई नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(च) उपप्रमुख भन्नाले कनकाई नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(छ) नगरकार्यपालिका भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ (ङ) मा भएको उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ ।

(ज) कार्यालय भन्नाले कनकाई नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(झ) निर्देशन, समन्वय तथा अनुगमन समिति भन्नाले वुँदा नं. ११ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

कनकाई राजपत्र

(ञ) कोष भन्नाले बुँदा नं. १५ बमोजिमको कोषलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## लक्षित बर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

३. लक्षित बर्गको पहिचान

क) आर्थिक रुपले अति विपन्न, अपागं, दलित, अल्पसंख्यक, लोपोन्मुख समूदाय

ख) वि.सं. २०५० साल चैत्र भन्दा अगावै देखि कनकाई नगर क्षेत्र भित्र लगातार बसोवास गरिरहेको

ग) नेपाल राज्य भित्र एकाघरको कुनैपनि सदस्यको नाममा घर जग्गा हक भोग नभएको

एकाघर भन्नाले वावु, आमा, छोरा, नाती, श्रीमान, श्रीमती, धर्मपत्र, धर्मपुत्री, महिलाको हकमा निजको सासु ससुरा समेतलाई बुझाउने छ ।

४. कार्यक्रम कार्यान्वयन स्थल

क) कम्तिमा १० घर परिवारलाई हुने गरी सामूहिक वस्ति निर्माण गरिने

ख) यस्तो सामुहिक वस्ती निर्माण गर्दा लाभग्राहीहरुलाई जाति, समूदाय, बर्ण, क्षेत्र सकभर एकै प्रकारको हुने ब्यवस्था मिलाइने छ

ग) यस्तो वस्ती निर्माण गर्न प्रकृतिक प्रकोपको जोखिममा नरहेको सार्वजनिक जग्गाको पहिचान गरिने छ

घ) हाल बसोवास गरिरहेको वाडामा नै लाभग्राहीलाई सामुहिक वसोवासको लागि प्राथमिकता दिईने छ ।

## परिच्छेद ३
## लाभग्राहीहरुको छनौट तथा प्राथमिकिकरण

५. लाभग्राहीहरुको छनौट

क) लाभग्राहीको छनौटको मापदण्ड बमोजिमाका लाभग्राहीहरुबाट निवेदन आहान गरिने

कनकाई राजपत्र

ख) प्राप्त भएका निवेदनहरुलाई अनुगमन समितिले प्रत्येक लाभग्राहीहरुको स्थलगत अनुगमन गरी मापदण्ड बमोजिम भएकोहरुको सूची निर्माण गर्ने

ग) निर्माण गरिएको सूचि भित्र रहेका लाभग्राहीहरुको उल्लेखित मापदण्डको आधारमा प्राथमिकिकरण गर्ने

६.लाभग्राहीहरुको प्राथमिकिकरणका आधार

क) यस नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने लाभग्राहीहरु लाई एकैपटक आवास सेवा उपलब्ध गराउन नसकिने भएकोले उनीहरुलाई प्राथमिकिकरण गरी क्रमिकरुपमा आवास सेवा उपलब्ध गराइने छ ।

ख) प्राथमिकिकरणको आधार देहाय बमोजिम हुने छन्

| सि.नं. | सूचक/आधार | अङ्क भार |
|---|---|---|
| १ | आर्थिकरुपमा अति विपन्न ( विहान बेलुकाको छाक टार्न नसक्ने) | ४० |
| २ | दलित, अल्पसंख्यक, लोपउन्मुख, सन्थाल | १० |
| ३ | अपागं तथा असक्त परिवार | ५ |
| ४ | जेष्ठ नागरिक मात्र भएको परिवार | ५ |
| ५ | एकल महिला घरमूली भएको परिवार | ५ |
| ६ | नेपाल राज्य भित्र एकाघर भित्रको सदस्यको घर जग्गा नभएको | २५ |
| ७ | प्रकोप पिडित | १० |
| ८ | जम्मा | १०० |

७. प्राप्ताङ्कको आधारमा देहाय बमोजिम लाभग्राहीहरुलाई प्राथमिकिकरण गरिने छ । यो प्राथमिकिकरण तत्कालिन परिस्थितिको विश्लेषण गरी निर्देशन तथा समन्वय समितिले संशोधन गर्न सक्ने छ ।

क) ९० वा भन्दा माथि अंक प्राप्त गर्ने लाभग्राहीलाई क बर्गमा बर्गिकरण गरिने र पहिलो बर्ष आवास उपलब्ध गराइने छ ।

ख) ८० वा भन्दा माथि अंक प्राप्त गर्ने लाभग्राहीलाई ख बर्गमा बर्गिकरण गरिने र दोस्रो बर्ष आवास उपलब्ध गराइने छ ।

ग) ७० वा भन्दा माथि अंक प्राप्त गर्ने लाभग्राहीलाई ग बर्गमा बर्गिकरण गरीने र क्रमस आवास उपलब्ध गराउदै लगिने छ ।

## परिच्छेद ४

## घर तथा जग्गाको मापदण्ड तथा लागत

८. निर्माण गरिने घरहरुको मापदण्ड तथा लागत देहाय बमोजिम रहने छ

क) घर डिजायन रङ तथा बनौट अनुसूचिमा तोकिए बमोजिम एकै प्रकारको हुने छ ।

ख) एक परिवारको लागि जग्गा न्यूनतम ५४७ बर्ग फिट रहने छ ।

ग) एक परिवारको लागि न्यूनतम एक किचन, दुई बेडरुम रहने छ ।

घ) आवश्यक्ता अनुसार वायो ग्यास सहितको सामुहिक सौचालय र धारा ।

ङ) विधुत वा सोलार सुविधा ,

च) यो मापदण्ड बमोजिम निर्माण हुने घरको लागत प्रति घर रु दुई लाख सम्म हुने छ ।

## परिच्छेद ५

## कार्याक्रम कार्यान्वयन तथा लागत सहभागिता

९. कार्यक्रम कार्यान्वयन तरिका

(क) आवास निर्माण कार्य लाभग्राहीहरु मध्येवाट निर्माण समिति गठन गरि सोही समिति मार्फत गरिने छ ।

(ख) निर्माण समितिलाई नगरपालिकाले उपलब्ध गराएको डिजायन, मापदण्ड बजेटको परिधि भित्र रहेर समितिले निर्माण कार्य गर्नु पर्ने छ ।

१०. लागत सहभागिताः

(क) घर निर्माण कार्यको लागि श्रम सहभागिता लाभग्राहीबाट हुने छ ।

(ख)लाभग्राही मध्ये सक्षम तथा इच्छुक लाभग्राहीहरुको छनौट गरी घर निर्माण सम्वन्धि मिस्त्री तालिम दिइने छ।

(ग) तालिम प्राप्त दक्ष जनशक्तिलाई तोकिएको ज्यालामा घर निर्माणमा प्रयोग गरिने छ।

(घ) अदक्ष श्रमिकको लागि लाभग्राहीको श्रम सहभागिताबाट परिपूर्ति गरिने छ । सो वाट पुरा नभएको खण्डमा मात्र वाहिरवाट खोजिने छ ।

## परिच्छेद ६
## समिति गठन

११. कार्यक्रम कार्यान्वयन सम्वन्धि निर्देशन, समन्वय, तथा ब्यवस्थापन गर्न एक नगरस्तरीय निर्देशन, समन्वय तथा ब्यवस्थापन समिति रहने ।

| | | |
|---|---|---|
| नगर प्रमुख | क.न.पा | संयोजक |
| उपप्रमुख | क.न.पा | सदस्य |
| सवै वडाअध्यक्ष | क.न.पा | सदस्य |
| सवै कार्यपालिका सदस्य | क.न.पा | सदस्य |
| अध्यक्ष | उधोग वाणिज्यसंघ | सदस्य |
| अध्यक्ष | निर्माण ब्यवसायी संघ | सदस्य |
| सभापति | नेपाल रेडक्रस | सदस्य |
| अध्यक्ष | सामुदायिक बन | सदस्य |
| प्रमुख वा प्रतिनिधि | संम्वन्धित गैर सरकारी संथा | सदस्य |
| प्रतिनिधि | नेपाल पत्रकार महासंघ | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | क.न.पा. | सदस्य |
| प्रमुख, प्राविधिक शाखा | क.न.पा. | सदस्य सचिव |

संम्वन्धित क्षेत्रका प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य मानीनय ज्यूहरु आमन्त्रित सदस्य रहनु हुने छ ।

१२. निर्देशन तथा समन्वय समितिको काम कर्तब्य र अधिकार

- कार्यक्रम कार्यान्वयको लागि नीति तथा बजेट तर्जुमा गर्ने,

कन्काई राजपत्र

- उपसमितिले पेश गरेको कार्यक्रम स्वीकृत गरी अनुमोदनको लागि नगरपालिकामा पेश गर्ने,
- प्राप्त भएका कागजात तथा विल भरपाइको आधारमा भुक्तिनिको लागि सिफारिश गर्ने,
- कार्यक्रम कार्यान्वयनको लागि आबश्यक समन्वय तथा निर्देशन दिने,
- कार्यक्रम कार्यान्वयनको लागि जग्गा पहिचान, लागत अनुमान स्वीकृत, घरको डिजायन स्वीकृत,
- लाभग्राहीहरुको छनौट तथा प्राथमिकिकरण,
- कार्यक्रमको प्रगति समिक्षा ,
- वाधा अड्काउ फुकाउ ,
- आवश्यकता अनुसार अनुगमन तथा लेखा उपसमिति लगायत अन्य उपसमिति गठन,
- अन्य सरकारी तथा गैरसरकारी क्षेत्र संग समन्वय ।

१३. कार्यक्रम कार्यान्वयनको लागि न्यूनतम दश घरपरिवार भएको वस्तिमा देहाय बमोजिमको एक निर्माण समिति गठन गरिने छ ।

लाभग्राहीहरु मध्येवाट छनौट भएको एक ब्यात्ति संयोजक

लाभग्राहीहरु मध्येवाट छनौट भएको एक महिला सदस्य

निर्देशन तथा समन्वय समितिले तोकिदिएको विषय सम्वन्धि ज्ञान भएको २ ब्यात्तिसदस्य

नगरपालिकाको प्राविधिक कर्मचारी सदस्य सचिव

१४. निर्माण समितिको काम, कर्तब्य र अधिकार

- कार्यालयबाट प्राप्त निर्देशन बमोजिम निर्माण कार्य गर्ने
- आवास निर्माणको लागि आवश्यक कागजात तयार गरी संझौता गर्ने,
- आवास निर्माण गर्ने विषयमा लाभग्राहीहरुसंग सहमति कायम गर्ने,
- आवश्यक निर्माण सामाग्री उपलब्धता तथा गुणस्तर कायम गर्ने
- लाभग्राहीहरुको श्रम सहभागिता सूनिश्चित गर्ने,



कानुनी राजपत्र

- तोकिएको मापदण्ड बमोजिम खर्च गरी निकासा माग गर्ने ।

## परिच्छेद ७
## कोष सम्वन्धि ब्यवस्था

१५. मेयर आवास कोष

क) हाल स्थानीय निकायहरुले छुट्टै कोष स्थापना गर्न नसक्ने ब्यवस्था भएकोले यो कार्यको लागि हाल सञ्चालनमा रहेका कोषहरु मध्ये कार्यप्रकृति मिल्ने प्रकोप ब्यवस्थापन.कोषमा रकम जम्मा गरिने छ र यसको लेखा स्रेस्ता तथा हिसाव छुट्टै राखिने छ ।

ख) कोषमा रकम जम्मा गर्न सार्वजनिक आब्हान गरिने छ ।

१६. कोषमा प्राप्त हुने रकम

- संघीय र प्रदेश सरकारवाट प्राप्त हुने रकम
- नगरपालिकावाट विनियोजन भएको रकम
- गैर सरकारी निकायहरुवाट प्राप्त हुने रकम
- इच्छुक ब्याक्ति तथा संघ संस्थाहरुबाट प्राप्त हुने रकम

१७. कोषमा रकम जम्मा गर्ने ब्याक्ति, फर्म, संघ संस्थाहरुको नामावली सार्वजनिक सञ्चारमाध्यबाट प्रकाशित तथा प्रसारित गरिने छ ।

१८. कोषमा जम्मा भएको तथा खर्च भएको रकम वारेमा प्रत्येक महिना जानकारी गराइने छ ।

१९. कोषमा रकम जम्मा गर्ने सवै दाताहरुको ब्याक्तिगत विवरण खुलाई कसैले चाहेमा सहजरुपमा हेर्न सकिने गरिने अभिलेख कार्यालयमासुरक्षित राखिने छ ।

२०. इच्छुक दाताले आफ्नो नाममा वा कसैको संझनामा कम्तिमा एक घर निर्माणको लागि आश्यक रकम उपलब्ध गराएमा सो ब्यहोरा उल्लेख गरी उक्त घर अगाडी शिलालेख राखी दाताबाटै उक्त घर हस्तान्तरणको ब्यवस्था मिलाइने छ ।

२१. रु. ११ हजार भन्दा माथि रकम उपलब्ध गराउने दाताहरुको नमावली सामूहिकरुपमा शिलालेखमा उल्लेख गरिने छ ।

## परिच्छेद ८
## विविध

२२. लाभग्राहीले आवास हस्तान्तरण भए पश्चात विक्र वितरण गर्न पाउने छैन तर स्वइच्छाले घर छोड्न चाहेमा नगरपालिकालाई हस्तान्तरण गर्नु पर्ने छ ।

२३. यस कार्यक्रमबाट लाभ लिनको लागि झुटा विवरण पेश गरेको पुष्टी भएमा निजलाई उपलब्ध गराइएको घर नगरपालिकाले फिर्ता लिने छ ।

२४. यो कार्यक्रमबाट सुविधा प्राप्त गरेको परिवारले अन्य कुनै आवास कार्यक्रमबाट कुनै सुविधा पाउने छैन ।

२५. निर्माण भएका आवास तथा अन्य संरचनाहरुको समय समयमा गर्नु पर्ने मर्मतको लागि लाभग्राहीहरुको वार्षिकरुपमा लागत सहभागितमा एक मर्मत संभार कोष स्थापना गरिने छ । यो कोषको सञ्चालन लाभग्राहीहरु मध्येवाट निर्माण गरिने मर्मत संभार समिति मार्फत गरिने छ ।

कनकाइराजपत्र

## अनुसूचि १

## नमुना आवेदन फारममा खुलाउनु पर्ने बिवरणहरु

१) आवेदन फारममा उल्लेख हुनु पर्ने विषयहरु

- घरमूलीको नाम थर ठेगना, उमेर, परिवार संख्या, अन्य सदस्यको नाम थर उमेर
- बसोवास गर्न थालेको मिति, हाल बसोवास गरिरहेको घर तथा जग्गाको विवरण
- यहाँ बसोवास हुनु पूर्वको अवस्था
- अशक्त, अपाङ्ग, एकल महिला, दीर्घ रोगी , अविभावक विहिन नावालक भए सो को विवरण
- प्रकोपबाट घरवार विहिन भएको भए सो को विवरण

२) पेश गर्नु पर्नें कागजात

- नेपाली नागरिकताको प्रतिलिपी
- वसोवास गर्न थालेको मिति पुष्ठी हुने कागजातहरु: — भोट लिष्टको नामावली वा खानेपानी वा विजुलीको रकम तिरेको प्रमाण वा विध्यालयमा पठन पाठन गरेको प्रमाणपत्र वा साविकका गाविसहरु वा अन्य निकायहरुवाट गरिएका सिफारिशहरु वा अन्य कागजातहरु

**आज्ञाले**

**रुद्रप्रसाद न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**



कनकाइराजपत्र